अर्नमा गाउँपालिका
ARNAMA RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
अर्नमा, सिरहा (ARNAMA, SIRAHA)
मधेश प्रदेश, नेपाल (MADHESH PROVINCE, NEPAL)
http://anarmamun.gov.np
ito.arnamamun@gmail.com
9852834880 & 9852858045

सूचना! सूचना!! सूचना !!!

प.सं.(Letter No.) :- २०८२/०८३ मिति(Date) :- २०८३/०३/३१ गते

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धि अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को नियम ७ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि भदौ मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ। तसर्थ सम्बन्धित लाभग्राहीहरु वडा कार्यालयमा आफै स्वयम् उपस्थित भई वायोमेट्रिक प्रणालीद्वारा मिति २०८३ श्रावण ०१ गते देखि २०८३ भाद्र मसान्तभित्र सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्नको लागि तपसीलमा उल्लेखित कागजात/विवरण सहित नवीकरण गराउनुहुन सम्वन्धित सबै लाभग्राहीहरुमा जानकारीको लागि अनुरोध छ।

**तपसिल:**

| क्र.सं. | कागजातहरु |
|---|---|
| १. | लाभग्राहीको सामाजिक सुरक्षा परिचय-पत्रको प्रतिलिपि थान-१ |
| २. | लाभग्राहीको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि थान-१ |
| ३. | राष्ट्रिय परिचयपत्र भएमा सोको प्रतिलिपि थान-१ |
| ४. | सम्पर्क नं. |
| ५. | अपाङ्गताको हकमा: अपाङ्ग परिचय पत्र र १६ वर्ष भन्दा मुनिको हकमा संरक्षकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी-१ |
| ६. | बालबालिकाको हकमा जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपी र संरक्षकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी-१ थान |
| ७. | विधवाको हकमा पतिको मृत्यु दर्ताको प्रमाण-पत्रको प्रतिलिपि, नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र अर्को विवाह नगरेको सिफारिस पत्र |

नोट : १. उल्लेखित कागजातहरूको प्रतिलिपी निवेदन साथ संलग्न राखी २०८३ श्रावण १ गते देखि भाद्र मसान्त भित्र आ-आफनो वडा कार्यालयमा सकल कागजात सहित आफू स्वयम् उपस्थित भई अनिवार्य रूपमा नाम नवीकरण गराई सक्नु पर्नेछ।

२. तोकिएको समय सीमा भित्र नवीकरण नगराइएको खण्डमा लाभग्राहीको नाम स्वतः कट्ट हुने भएकोले सो सम्बन्धमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

द्रौपती कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत



CamScanner